निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय, रौतहट

DISTRICT ELECTION OFFICE, RAUTAHAT

पत्र संख्या : २०६६/०८०

चलानी नं. : ५६

मिति : २०७९।०५।२३

**विषयः सूचना, नाम नामेशी प्रकाशन तथा मुचुल्का सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
श्री स्थानीय तह सबै, रौतहट ।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखाको प.सं. /च.नं. २०७९/०८०/१२६ मिति २०७९।०५।२२ को पत्रानुसार स्थानीय तह सदस्य निर्वाचन, २०७९ को नगर कार्यपालिका/गाउँ कार्यपालिकाका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले आफु उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरुले आफु उम्मेदवार भएको सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सार्वजनिक गरी सो को जानकारी यस जिल्ला निर्वाचन कार्यालय रौतहटमा उपलब्ध गराउने तथा नगर कार्यपालिका / गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा भाग लिई निर्वाचन खर्चको विवरण कानुनद्धारा तोकिएको समयमा नबुझाउने उम्मेदवारहरुले आफ्नो सफाइ सहितको स्पष्टिकरण ७ दिन भित्र यस जिल्ला निर्वाचन कार्यालय रौतहटमा बुझाउने जानकारीको सूचना तथा खर्चको विवरण समयभित्र बुझाउने/नबुझाउने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरणको विधुतियप्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

<u>नोट</u> : यसै पत्रसाथ संलग्न गरी पठाइएको सूचना तथा नाम नामेशी सहितको विवरण सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय तथा सम्बन्धित स्थानीय तहको कार्यालयको Website, Facebook Page र सूचना पाटीमा सबैले देख्ने गरी प्रकाशन गरी सोको रितपूर्वक मुचुल्का खडा गरी जिल्ला निर्वाचन कार्यालयमा यथासिघ्र पठाइदिनु हुन अनुरोध छ ।

२०७९।०५।२३

छोटे लाल दास
जिल्ला निर्वाचन अधिकारी

गौर, रौतहट, नेपाल फोन नं. (९७७-०५५) ५२०१०० / Gaur, Rautahat, Nepal Tel:(977-055) 520100
Email :- deo.rautahat@election.gov.np

स्थानीय तह सदस्य निर्वाचन, २०७९ अन्तर्गत मधेश प्रदेशको कार्यपालिका सदस्यमा उम्मेदवार बनेका उम्मेदवारहरुले निर्वाचन खर्च पेश गरे/नगरेको विवरण

| क.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | पद | उम्मेदवारको नाम | मतदाता प.प.नं | लिङ्ग | उमेर | राजनीतिक दल/स्वतन्त्र | निर्वाचित/ पराजित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | महिला सदस्य | मन्जु देवी | १३३७७१४३ | महिला | ४६ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| २ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | महिला सदस्य | धनमन्ती देवी | १३५२७३९२ | महिला | ४५ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| ३ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | महिला सदस्य | रजिया देवी | १३१८८५०३ | महिला | ५२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| ४ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | महिला सदस्य | इसलामु - | १३६०२३२० | महिला | ४४ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | निर्वाचित | पेश नगरेको |
| ५ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | महिला सदस्य | पुनम देवी राम | १८७२२००२ | महिला | ३१ | नेपाली काँग्रेस | निर्वाचित | पेश नगरेको |
| ६ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | महिला सदस्य | रामकली देवी | १३५२६६७८ | महिला | ३५ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पराजित | पेश नगरेको |
| ७ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | महिला सदस्य | प्रेम कुमारी तत्मीनी | १३५२५८१३ | महिला | ४८ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पराजित | पेश नगरेको |
| ८ | मधेश प्रदेश | रौतहट | गरुडा नगरप्तालिका | महिला सदस्य | कमोधिया देवी | १३६७४५११ | महिला | ४९ | जनता समाजवादी पार्टी, नेपाल | पराजित | पेश नगरेको |
| ९ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | महिला सदस्य | रमपतिया देवी राम | १३६७५१११ | महिला | ५१ | जनता समाजवादी पार्टी, नेपाल | पराजित | पेश नगरेको |
| १० | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | ध्रुव साह कानु | १३६७४८५१ | पुरुष | ४४ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| ११ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | जय नारायण बैठा | १३९८७५८९ | पुरुष | ५० | नेपाली काँग्रेस | निर्वाचित | पेश नगरेको |
| १२ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | सन्जीव प्रसाद साह | १३६७३३०० | पुरुष | ३३ | नेपाली काँग्रेस | निर्वाचित | पेश नगरेको |
| १३ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | ज्योति कुमारी देवी जयसवाल | १३५२५३४४ | महिला | ३२ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पराजित | पेश नगरेको |
| १४ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | राजकुमार दास तत्मा | १३६७३८५३ | पुरुष | ३७ | जनता समाजवादी पार्टी, नेपाल | पराजित | पेश नगरेको |
| १५ | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | धर्मेन्द्र प्रसाद साह | १३५२५३०४ | पुरुष | ३८ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | पराजित | पेश नगरेको |

कार्यालयको वेबसाइट ctevtkarnali.org.np मा हेर्नुहुन अनुरोध छ।

निर्देशक

राष्ट्रिय दैनिक गोरखापत्र

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र सो कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

छ। आवास सुकेर नष्ट भएपछि स्थानीय सरकारले गत साउन निर्णय गरेका सामाग्री जनाएका छन्।

राजधानी दैनिक, गोरखापत्र

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरूले आफू उम्मेदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्लाको प्रदेश वा जिल्ला निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।